राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

## प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

# स्व.दयाराम परियारको १० औं स्मृति दिवस मनाइयो

२०७२ चैत्र १५ गते

राष्ट्रिय मानव अधिकार आयोगको जनकपुर सम्पर्क कार्यालयमा कार्यरत तत्कालिन कर्मचारी स्व. दयाराम परियारको १० औं स्मृति दिवसको अवसरमा आयोगले स्व. दयाराम परियार स्मारिका सार्वजनिक लगायत विभिन्न कार्यक्रम गरेको छ । आयोगको हरिहर भवन स्थित कार्यालयमा आयोजित कार्यक्रममा आयोगका अध्यक्ष अनूप राज शर्माले स्व. दयाराम परियार स्मारिकाको सार्वजनिकीकरण गर्नुभएको हो ।

सो अवसरमा आयोगका पदाधिकार, कर्मचारी तथा उपस्थित सहभागीहरुले स्व. दयाराम परियारको तस्विरमा माल्याअर्पण गर्नुका साथै स्व. दयाराम परियारको सम्झनामा एक मिनेट मौन धारण समेत गर्नुभएको थियो । कार्यक्रममा यस वर्षको स्व. दयाराम परियार स्मृति मानव अधिकार सम्मान पाउने व्यक्तित्वहरुको आयोगका सदस्य तथा प्रवक्ता मोहना अन्सारीले नाम घोषणा गर्नुभएको थियो ।

स्व. दयाराम परियार स्मृति मानव अधिकार सम्मान पाउने व्यक्तित्वहरुमा शक्ति समूहकी अध्यक्ष चरिमाया तामाङ र कान्तिपुर दैनिकको जनकपुरमा कार्यरत पत्रकार श्याम शुन्दर शशी हुनुहुन्छ । उहाँहरुलाई आयोगको स्थापना दिवस २०७३ जेष्ठ १३ गते सम्मानित गरिनेछ । सो अवसरमा आयोगका अध्यक्ष शर्माले नेपालमा अझैपनि दण्डहिनताको अन्त्य नभएको भन्दै दण्डहीनताको अन्त्यका लागि मानवअधिकारकर्मीहले पहल थाल्नुपर्ने धारणा राख्नुभएको थियो ।

यस्तै स्व. दयाराम परियारको अर्को वर्ष मनाइने ११ औं स्मृति दिवसमा आयोगको वेवसाइटमा स्व. दयाराम परियारको छुट्टै पेज बनाउनुका साथै स्मृति दिवसका दिन रक्तदान गरिने समेत अध्यक्ष शर्माले घोषणा गर्नुभएको थियो । कार्यक्रममा आयोगका सदस्यहरु प्रकाश वस्ती, सुदिप पाठक, मोहना अन्सारी, गोविन्द शर्मा पौड्याल, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)का अध्यक्ष सुबोध प्याकुरेल र स्व. दयाराम परियारका दाजु प्रकाश चन्द्र परियारले आयोगले स्व. दयाराम परियारको हत्यारा किटानी गरी कारबाहीका लागि नेपाल सरकारलाई सिफारिश गरेपनि अझै कारबाही नहुनु दण्डहीनताको पराकाष्ट भएको बताउनुभएको थियो ।

मोहना अन्सारी

सदस्य/प्रवक्ता